# बनेपा नगरपालिकाको आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम

### पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका स्थानीय तहहरूको प्रथम निर्वाचन पश्चात निर्वाचित बनेपा नगरपालिकाका जनप्रतिनिधीहरूबाट उपलब्ध स्रोतसाधनको समुचित परिचालनबाट नगर र नगरवासीको सर्वाङ्गिण विकासका लागि प्रतिवद्ध भई लाग्ने क्रममा आगामी आर्थिक वर्ष २०७८।०७९ को नीति तथा कार्यक्रम स्वीकृत गर्ने क्षणमा उपस्थित भएका छौं । हाम्रा अभिलाषाहरूलाई बढिभन्दा बढि सम्बोधन गर्ने हाम्रो इच्छा र प्रतिवद्धता अनुरूप नीति तथा कार्यक्रम तर्जुमा गरेर अगाडि बढिरहेकै अवस्थामा आ.व. २०७६।०७७ को मध्यबाट प्रारम्भ भएको नोवल कोराना भाइरस नामक कोभिड-१९ संक्रमणको दोस्रो लहर समेत यसै आर्थिक वर्षको अन्तिम चौमाशिकको समयमा मुलुकभर फैलिएका कारण हामीले तय गरेका लक्ष र उद्देश्यहरू परिपूर्तीमा बाधाहरू आइपरेको हामी सबैलाई विदितै छ। हालसम्म पनि संक्रमण जोखिम पूर्ण रूपमा हटिनसकेको यस परिप्रेक्षमा-

- जिल्ला प्रशासन कार्यालय काभ्रेबाट जारी भएको निषेध आदेश तथा हाम्रै नगरले लिएको नगर शिल गर्ने निर्णयका कारण भाइरस संक्रमणलाई नियन्त्रण गर्न आफ्ना तर्फबाट सहयोग र सद्भाव राख्नुहुने उद्योगी व्यापारी, श्रमिक वर्ग, पेशाकर्मी तथा सबै संघसंस्था तथा कार्यालयका कर्मचारी साथीहरू एवं सम्पूर्ण नगरबासी दाजुभाइ दिदीबहिनीहरूमा आभार प्रकट गर्दछु।
- कोभिड-१९ संक्रमण न्युनिकरणका लागि खट्नुहुने जनप्रतिनिधिहरू, स्वास्थ्यकर्मीहरू, कर्मचारीहरू, सुरक्षा निकाय र स्थानीय प्रशासनलाई धन्यवाद दिन्छु।
- कोभिड-१९ संक्रमण नियन्त्रणका लागि नेपाल सरकार तथा प्रदेश सरकार र जिल्ला स्थित डि.सि.सि.एम.सि. बाट भएका निर्णय एवं मार्गदर्शनले यस महामारिसँग जुध्न हामीलाई सहज भएको छ। यसका लागि सबैमा अभार प्रकट गर्दछु।
- कोभिड-१९ संक्रमणवाट हुन सक्ने क्षति न्यूनीकरणका लागि गरिनु पर्ने प्रचार प्रसार र लकडाउनका कारण मर्कामा परेका वर्गहरूमा राहत वितरणका लागि नेपाल सरकार तथा प्रदेश सरकार सहित विभिन्न सहयोगी संघसंस्थाहरूलाई धन्यवाद गर्दछु।
- अझै पनि कोभिड-१९ संक्रमण नियन्त्रणमा आइनसकेको र जोखिम कहिलेसम्म रहन्छ भन्नेसम्म पनि एकिन नभएकाले हामी सबै सचेत भएर यस महामारिसँग जुध्न तत्पर रहनु परेको छ। आगामी दिनमा आइपर्ने यस शंकटसँग जुध्न बनेपा नगरपालिकाले अगाडी सारेका नीति यसै नीति तथा कार्यक्रमको स्वास्थ्य सेवा शीर्षकमा समावेश गरेको छु। नगरमा उपलब्ध हुन सक्ने साधन र स्रोतको अधिकतम परिचालन गरी कोभिड-१९ सँग जुध्न बनेपा नगरपालिका तत्पर रहेको जानकारी गराउन चाहन्छु।
- कोभिड-१९ ले पारेको प्रभावका कारण सिर्जित परिस्थिति अनुरूप हाम्रो जीवनशैली सामान्य बनाउन आवश्यक रहेको छ। यस्तो अवस्थामा पनि नगरले अगाडि सारेका विकास निर्माण लगायतका कार्यक्रम पुरा गर्न प्रत्यक्ष र परोक्ष रूपमा सहयोग गर्ने जनप्रतिनिधिज्यूहरू, कर्मचारीहरू, विभिन्न संघसंस्था तथा महानुभावहरू लाई विशेष धन्यवाद दिन चाहान्छु।
- बनेपा नगरपालिकाको भगिनी सम्बन्ध रहेको मित्रराष्ट्र चीनको तिब्बत स्वायत प्रदेश स्थित सिगात्से नगरपालिकाले कोभिड-१९ संक्रमण न्युनिकरणका लागि विभिन्न प्रकारका स्वास्थ्य सामग्री उपलब्ध गराई सहयोग गरेकोमा उक्त नगरपालिका प्रति धन्यवाद ज्ञापन गर्दछु।
- "कृषि, व्यापार, पर्यटन र पूर्वाधार,समृद्ध बनेपा नगरको आधार" भन्ने बनेपा नगरपालिकाको दीर्घकालिन सोच अनुरूप "हामी बनाउँछौ हाम्रो बनेपा" भन्ने नारालाई सार्थक बनाउ हामी दत्तचित्त भएर लागेका छौं।
- आगामी दिनमा आइपर्नसक्ने समस्याहरूसँग जुध्न नेपाल सरकार, प्रदेश सरकार, विभिन्न संघसंस्था तथा व्यक्तित्वहरूबाट निरन्तर सहयोग र सद्भाव रहने कुरामा बनेपा नगरपालिका विश्वस्त रहेको याहाँ स्मरण गर्न चाहन्छु।

अब म विषयगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

### आन्तरिक आयतर्फ

१) **आन्तरिक आय तर्फ :**

- आन्तरिक आय वृद्धि गर्ने सम्भावना भएका सम्भाव्य सबै क्षेत्रको अध्ययन, पहिचान गरी व्यवस्थित ढंगले करको दायरामा ल्याइने छ। यसका लागि आवश्यक संयन्त्र निर्माण गरी परिचालन गरिने छ। नगरले व्यापार, व्यवसाय, उद्योग-कलकारखाना आदिको लगत राख्दै करको दायरामा ल्याइनेछ।
- व्यवसाय कर, बहाल कर लगायतका आन्तरिक आयका स्रोतहरू संकलनका लागि तयार पारिएको कर नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ।
- बनेपा नगरपालिकाको स्वामित्वमा रहेको बसपार्कमा नगर विकास कोषसँगको लागत सहभागितामा बहुतले सवारी पार्किङ स्थल (MultiStorey Parking) निर्माण गरी पार्किङ व्यवस्थापन सहित आय अभिवृद्धिको कार्यक्रम राखिने छ।
- आन्तरिक आयको दीगो अभिवृद्धिका लागि नगरपालिकाको स्वामित्वमा रहेका सम्पति बहालमा वा लिजमा दिने नीतिलाई अझ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
- कर, शुल्क तथा आन्तरिक आयलाई प्रभावकारी बनाउन उद्योग बाणीज्य संघ, सहकारी संस्था तथा अन्य सरोकारवाला व्यावसायिक क्षेत्रसंगको सहकार्यलाई अझ प्रभावकारी बनाइनेछ।
- बजार अनुगमनलाई प्रभावकारी बनाइने छ।

### पूर्वाधार विकास

१. **सडक**

- बनेपा नगरपालिकाका सबै वडा कार्यालयसम्म पक्की सडकको पहुँच पुऱ्याउने कार्यलाई निरन्तरता दिईने छ ।
- नयाँ सडक निर्माण गर्दा आवश्यक प्रकृया र विद्यमान मापदण्ड अवलम्बन गर्दै भएका सडकहरूको स्तरोन्नति गर्ने कार्यलाई विशेष जोड दिइनेछ।
- नगर रहेको बसपार्कको पूर्वाधार सुधार गरी प्रविधि सहितको सुविधायुक्त बनाउन ध्यान दिइने छ। नगरका अन्य आवश्यक स्थानमा बसपार्क निर्माण गर्न उपयुक्त स्थान पहिचान गरि सम्भाव्यता अध्ययनको कार्य जारी राखिने छ।
- सबै वडामा रहेका मुल सडकलाई क्रमशः स्तरोन्नति गरी कालोपत्रे गरिने कार्यलाई निरन्तरता दिईने छ।
- पुण्यमाता करिडोर निर्माणको कार्य प्रारम्भ भईसकेको र चण्डेश्वरी, चश्सी खोला लगायतका नगरभित्रका आवश्यकता पहिचान गरिएका खोलाको दाँयाबाँया किनारमा हरित बेल्ट सहित करिडोर निर्माणको कार्यलाई निरन्तरता दिईने छ।
- एचभ(एचयवभअतर एयकत(एचयवभअतका तस्वीरका आधारमा योजना फरफारक हुने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिने छ।
- अरनिको राजमार्गको बनेपा नगरपालिका खण्ड दायाँवायाँको क्षेत्र व्यवस्थित नहुँदा हिलो धुलोको समस्या रहेकोले सडक विस्तार सुधारको योजना तत्काल कार्यान्वयन गर्न र सडक विस्तारको योजना कार्यान्वयन नभएसम्म हिलो धुलो रहित बनाउन आवश्यक निर्माण सुधारका लागि सम्बन्धित निकायमा पहल गरी कार्यान्वयनको व्यवस्था मिलाइने छ।
- पूर्वाधार आयोजनाहरूको निर्माण गर्दा दीगो विकासको (Sustainable development) अवधारणालाई विषेश ध्यानदिईने छ।
- नगरवाट सञ्चालन गरिने विकास निर्माण कार्यहरूको गुणस्तर शुनिश्चितताको नीतिलाई अझ प्रभावकारी तुल्याईने छ।
- नगर क्षेत्रभित्र निर्माण भएका सडक दायाँवायाँ पदयात्रुका लागि फुटपाथ निर्माण सहित हरियाली प्रबर्धनका लागि क्रमशः कार्यान्वयन गर्दै जाने नीति लिइने छ।
- बनेपा नगर क्षेत्र समेटिने गरी रिङरोड निर्माणको सम्भाव्यता अध्ययन गरिने छ।
- निर्माण तथा स्तरोन्नती भएका सडकहरुको सुरक्षा, दिगोपना र मर्मतसंभारको लागी स्थानीय स्तरमा चेतनाको अभिवृद्धि गर्न मर्मत संभार कोष स्थापना गरी उक्त कोषमा हाललाई रु ५० लाख जम्मा गर्ने र आगामी दिनमा आवश्यकताका आधारमा थप गर्दै जाने नीति लिइने छ।
- पर्यापर्यटनको प्रवर्द्वन गर्ने उदेश्यले निर्माण सुरु गरिएको ऐतिहासिक नेपा नगरको धरोहरको रुपमा रहेको चण्डेश्वरी मन्दिर देखि गोसाईथान सम्म १६०० सिढी निर्माण गरी आकर्षक पर्यटकीय गन्तव्य बनाउने कार्य अर्नृतगतको चण्डेश्वरी सिढी निर्माण आयोजना सम्पन्न गरिनेछ।
- सडक बत्तीको कार्यक्रमलाई थप प्रभावकारी र दिगो बनाउन टोल सुधार समिति र स्थानीय उपभोक्तासंगको लागत साझेदारीकरत्र अवधारणालाई जोड दिईनेछ ।
- बनेपा नगर क्षेत्रभित्र रहेका ऐतिहासिक मठ-मन्दिर, पाटी, पोवा, गुठी, पोखरी लगायतका पौराणिक तथा सास्कृतिक र धार्मिक सम्पदाहरुको मर्मत सम्भार वा पुर्ननिमार्णका लागि सम्बन्धित सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य गरी मर्मत सम्भार र पुननिर्माण गर्ने।

२. **भवन**

- बनेपा नगरपालिका अन्तर्गत कार्यालय भवनको व्यवस्था नभएका वडाहरूमा वडा कार्यालय भवन निर्माण एवं भएका कार्यालयहरूको समय सापेक्ष सुधारको कार्यलाई निरन्तरता दिईने छ।
- प्राकृतिक प्रकोपका कारणले क्षतिग्रस्त भएका ऐतिहासिक, पौराणिक र धार्मिक सम्पदाहरूको पुनःनिर्माणका लागि पुरातत्व विभाग लगायतका सरोकारवाला निकायहरूसँग समन्वय गरी पुनःनिर्माणको कार्यलाई गति दिने वातावरण मिलाइने छ।
- भवन निर्माणमा राष्ट्रिय भवन संहिता तथा मौजुदा स्थानीय भवन निर्माण तथा बस्ती विकास मापदण्डलाई प्रभावकारी कार्यान्वयनमा जोड दिइने छ। साथै ऐतिहासिक बस्तीहरूमा भवन निर्माण गर्दा परम्परागत कला झल्कने ढाँचा जोगाउन प्रोत्साहित गरिनेछ।
- घर भवन जस्ता भौतिक संरचना निर्माण गर्दा भूमिगत जल संचिती (Rain Water Harbesting-Water-Recharge System) गर्ने कुरालाई प्रोत्साहित गर्ने नीति लिइने छ।
- २०७२ बैशाखको भूकम्पबाट पीडित परिवारलाई नक्सापास शुल्कमा दिँइदै आएको ५० प्रतिशत छुटलाई निरन्तरता दिइनेछ।
- सार्वजनिक भवन निर्माण गर्दा अपाङ्गता र बाल मैत्री संरचना निर्माणमा जोड दिइनेछ।
- सरोकारवाला फर्म तथा व्यवसायीहरूबाट बनेपा नगर क्षेत्रमा सपिङ मल निर्माणका लागि आवश्यक समन्वय र सहकार्य गरिने छ।
- परम्परागत दाहासंस्कार स्थल वरपर भवन निर्माण गर्दा छोड्नु पर्ने मापदण्ड निर्धारण गरी कार्यान्वयन गरिनेछ ।

३. **विद्युत**

- स्तरीय विद्युतीकरणका लागि सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक प्रबन्ध मिलाइने छ।
- सडक बत्तीको सुधार एवं विस्तार कार्यलाई निरन्तरता दिइने छ।
- मुख्य र संवेदनशील चोक, गल्ली तथा सडकहरूमा सिसिटीभि जडान गरिने छ।
- सार्वजनिक उपयोगका क्षेत्रहरूमा नविकरणीय उर्जाको प्रयोग मार्फत विद्युत आपूर्ति गर्ने कार्यलाई प्राथमिकतामा राखिने छ।
- मुख्य सडक तथा चोकहरूमा अव्यवस्थित रूपमा रहेका पोल तथा तारहरू व्यवस्थित गर्न सम्बन्धित निकायसँग समन्वय गरी कार्यान्वय गर्ने वातावरण मिलाइने छ।

४. **सञ्चार**

- बनेपा नगरपालिकाको नगर प्रोफाईल निर्माण तथा अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिईने छ।
- आवधिक नगर विकास योजना, नगर यातायत गुरूयोजना, कृषि विकास गुरूयोजना, बस्ती विकास गुरूयोजना र नगर भूउपयोग योजना निर्माण लाई प्राथमिकता दिइने छ।
- नगरपालिका बाट प्रवाह हुने सेवाहरूमा प्रविधिमैत्री गर्दै लगिनेछ। साथै नगरपालिकाको एप कार्यान्वयनलाई प्रभावकारी बनाइने छ।
- नगरपालिका क्षेत्रभित्रका सबै स्थानमा संचारको पहुंच विस्तारका लागि सम्बन्धित सेवा प्रदायक संस्थाहरूसंग समन्वय गरि सेवा विस्तार गर्ने वातावरण मिलाइने छ।
- नगरपालिकाका गतिविधिहरूलाई वेवसाइट मार्फत प्रकाशन र अध्यावधिक गरिने छ।
- एफएम रेडियो स्थापना एवं गुणस्तरीय प्रशारणका लागी कार्यविधि बनाई कार्यान्वयन गरिनेछ।
- नगरपालिकाको गतिविधिहरूको पारदर्शिता र सहज सूचनाका लागि इलेक्ट्रोनिक डिस्प्ले बोर्ड र नागरिक बडापत्रलाई अध्यावधिक गरिने छ।

### सामाजिक विकास

१. **शिक्षा**

- कोभिड-१९ संक्रमणले शिक्षामा पारेको प्रभाव न्यूनीकरण गर्न वैकल्पिक शिक्षण सिकाईलाई प्रभावकारी बनाउन शिक्षक, विद्यार्थी तथा अभिभावकको CUG (CLOSED USER GROUP) लगायतका आधुनिक प्रविधिहरूमा पहुँचमा पुऱ्याई प्रविधिमैत्री शिक्षण सिकाई विधि अवलम्बन गर्न शिक्षकहरूको क्षमता अभिवृद्धि र प्रविधिमा पहुँचको वातावरण मिलाइने छ।
- विषम परिस्थितिमा प्रारम्भिक बाल विकास केन्द्र तथा तल्ला कक्षामा अध्ययनरत बालबालिकाका लागि शिक्षाको व्यवस्था गर्न घरमा आधारित शिक्षालाई बैकल्पिक शिक्षाका रूपमा अबलम्बन गरिनेछ।
- बालबालिकाको स्वस्थ्य जीवनशैली विकास गर्न विद्यालयमा दिवा खाजा, स्वास्थ्य सुरक्षाका मापदण्ड पालना, विद्यार्थीको स्वास्थ्य परीक्षणको प्रबन्ध गरिनेछ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा लागू भएको नगरपालिका घोषणा गर्न विद्यालय शिक्षाबाट बञ्चित बालबालिकालाई विद्यालय शिक्षाको अवसर दिइनेछ।
- माध्यमिक तहको शिक्षकको पेसागत विकास गर्न गणित, विज्ञान तथा अंग्रेजी विषयमा नगरस्तरमा विषय समिति गठन गरी समितिहरूलाई अलाइन प्रविधि प्रयोगमा शिक्षकको क्षमता, विषयगत अनुभव आदान प्रदान, शिक्षण विधि तथा शैक्षिक सामग्रीको विकासमा संलग्न गराइ शिक्षण सिकाइमा सुधार ल्याइनेछ।
- समाहित शिक्षाका लागि आवासीय सुविधा सहितको समाहित विद्यालय भवन निर्माण गरी अपाङ्गता भएका बालबालिकाहरुको शैक्षिक अधिकार सुनिश्चत गरिनेछ।
- युवा प्रतिभा पहिचान कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
- पाँच वर्षीय नगर शिक्षा योजना विकास गरी शैक्षिक सुशासन तथा शैक्षिक गुणस्तरमा सुधार ल्याइनेछ।
- एकीकृत पाठ्यक्रम तथा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनलाई प्रभावकारी बनाउन शिक्षकलाई तालिम, शैक्षिक सामग्री विकास तथा वितरण गरिनेछ।
- बनेपामा रहेको एकमात्र नैमिशारण्य गुरुकुल प्रबर्धनमा आवश्यक सहयोग गरिने छ।
- ई-हाजिरीलाई प्रअ, शिक्षक तथा कर्मचारीको दण्ड र पुरस्कारको आधारको रूपमा विकास गरिनेछ।
- संस्थागत विद्यालयहरूले प्रदान गर्ने छात्रवृत्तिलाई कक्षा र दरका आधारमा कोष निर्माण गरी प्रतिस्पर्धात्मक परीक्षाको आधारमा छात्रवृत्ति कोटामा सिफारिस गरिनेछ।
- नगरभित्र सञ्चालित विद्यालयहरूमध्ये कक्षा ५, ८, १०, र १२ को नतिजाको आधारमा बढीमा ४ वटा विद्यालयलाई नगद सहित "मेयर उत्कृष्ट शैक्षिक पदकष्ठ बाट सम्मान गरिने कार्यक्रम राखिनेछ।
- मानकको आधारमा नगर क्षेत्रभित्रका उत्कृष्ट सामुदायिक र संस्थागत विद्यालयलाई पुरस्कृत गरिनेछ।
- विद्यालयमा शुद्ध खानेपानीको सुनिश्चितता गरिनेछ ।साथै विद्यालयमा फलफुलको विरूवा लगाउन प्रोत्साहित गरिनेछ।
- सामुदायिक विद्यालयको प्रशासनिक सुधारको लागि बजेटको व्यवस्था गरिनेछ।
- "शिक्षासँगै खेलकुद तथा खेलकुदसँगै शिक्षाष्ठ भन्ने नारालाई सार्थक बनाउन विद्यालय खेलकुद तथा अतिरिक्त क्रियाकलापको योजना बनाई कार्यान्वयन गरिनेछ।
- प्रत्येक वडामा एक सामुदायिक विद्यालयलाई नमूना विद्यालयको रूपमा विकास गर्न कार्यविधि निर्माण तथा कार्यान्वयन गर्न बजेटको व्यवस्था गरिनेछ।
- आधारभूत तहको परीक्षालाई स्तरीकरण गरी व्यवस्थित बनाउन आवश्यक मानकहरू तयार गरी कार्यान्वयन गराईदै लगिने छ।
- भौगोलिक अवस्था, शिक्षक-विद्यार्थी अनुपात लगायतका आधारमा आधारभूत तहको शिक्षक दरबन्दी मिलान गर्ने नीतिलाई निरन्तरता दिइने छ।
- बनेपा नगरपालिकाभित्र हाल सञ्चालनमा नभएका विषयमा माध्यमिक तहमा प्राविधिक धार सञ्चालन गर्न चाहने कुनै एक सामुदायिक विद्यालयलाई कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिने छ।
- मित्रराष्ट्र चीनको सहयोगमा निर्माण भएको नेपाल बनेपा बहुप्राविधिक महाविद्यालय (Polytechnic Institue) नगरपालिकालाई हस्तान्तरण गराउन आवश्यक पहल गरिनेछ। साथै सो महाविद्यालयमा कृषि तथा पशुपालन जस्ता व्यवसायिक विषयहरू समावेश गर्न जेड दिइने छ।
- प्रदेश सरकारको योजनामा रहेको कृषि विश्वविद्यालय बनेपा नगरपालिकाभित्र स्थापना गर्न पहल गरिनेछ।

२. **स्वास्थ्य**

- विश्वमा देखिएको कोभिड-१९ संक्रमणबाट नगरबासीलाई सुरक्षित राख्न सचेतनामूलक कार्यक्रम सञ्चालन, क्वारेन्टाइन स्थलहरूको स्थापना र सञ्चालन तथा आवश्यक स्वास्थ्योपचारका लागि कार्यक्रम सहित बजेटको व्यवस्था गरिने छ।
- कोभिड-१९ संक्रमण नियन्त्रणका लागि परीक्षणलाई सुलभ र प्रभाकारी बनाउन सम्बन्धित निकाय तथा स्वास्थ्य संस्थाहरूसँग समन्वय र सहकार्यका लागि प्रभावकारी कदम चालिने छ।
- कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणको लागि शंकास्पद व्यक्तिहरू तथा कन्ट्याक्ट ट्रेसिङ्गमा परेका व्यक्तिहरूको खोजि गरी निशुल्क RT-PCR वा Antigen परीक्षण गर्ने र कोभिड पोजिटिभ भएकालाई नियमित स्वास्थ्य परापर्श सेवाको सुनिश्चितता गरिने छ।
- बनेपा नगरभित्र पन्ध्र शैयाको एक अस्पताल निर्माणको कार्य पुरा गरी सेवा सञ्चालन गर्ने वातावरण मिलाई थप अस्पताल निर्माण तथा चौधै वडामा स्वास्थ्य केन्द्र निर्माणका योजना लाई निरन्तरता दिइने छ।
- भइरहेका शहरी स्वास्थ्य केन्द्रहरूको स्वास्थ्य सेवा विस्तारमा जोड दिइने छ।
- कम्तिमा दुई वटा माइक्रोस्कोपीक सेन्टर सञ्चालनमा ल्याइने छ।
- सर्ने तथा नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रणको लागि सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।
- मृगौला रोगी पत्ता लगाउन सर्वेक्षण गरिने छ। सर्वेक्षणको आधारमा सिमित उमेर समुहका सम्पुर्ण व्यक्तिहरूको निशुल्क मृगौला रोगको परिक्षण गरी उपचारको दायरामा ल्याउन पहल गरिने छ।
- उकृष्ट स्वास्थ्य संस्था र स्वास्थ्य सेवा प्रदायक पहिचान गरि पुरष्कृत गरिने छ।
- स्वास्थ्य संस्था नियमित रूपमा पुर्ण समय सम्म सञ्चालन भए नभएको अनुगमण गरी नियमित सञ्चालन हुने वातावरण मिलाईने छ साथै ई.हाजिरको व्यवस्था गरिने छ।
- गाँउघर क्लिनिक र खोप क्लिनिकको सेवा विस्तार गरी आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापन गरिने छ।
- गर्भवतीलाई कम्तिमा चार पटक गर्भजाँचको लागि प्रोत्साहित गर्न स्वास्थ्य संस्थामा पोषक तत्व वितरण, निशुल्क एल्बुमिन परिक्षण र आईरन, क्याल्सियम वितरण गरिने छ।
- प्रत्येक स्वास्थ्य संस्थामा इन्टरनेट सेवाको पहुँच भएको सुनिश्चितता तथा कम्प्यूटर, प्रिन्टर लगायत भौतिक पूर्वाधारको व्यवस्थापन गरिने छ।
- महिला स्वास्थ्य स्वयं सेविकाहरबाट सेवा गर्न सक्ने उमेर हद साठ्ठी बर्ष कायम गरिने छ। साथै नगर स्तरीय महिला स्वास्थ्य स्वयं सेविकाहरूलाई प्रोत्साहित गर्नको लागि मासिक भत्ता, अवलोकन भ्रमण तथा कोष स्थापना गरी निवृत्त स्वयं सेविकाहरूलाई सोही कोषबाट सम्मान स्वरूप सहयोग उपलब्ध गराउने नीति लिइने छ।
- शीर मेमोरियल अस्पतालको प्रभावकारी सेवा विस्तार तथा अस्पताल व्यवस्थापन प्रभावकारी बनाउन प्रचलित कानूनका अधिनमा रही प्रभावकारी नियमन र अनुगमनको बातावरण मिलाईने छ।
- योग केन्द्र स्थापना गर्न प्रोत्साहीत गर्दै स्थापित केन्द्रहरू प्रभावकारी रूपमा सञ्चालनमा जोड दिइने छ।
- यस नगर क्षेत्रभित्र स्वास्थ्य सेवा प्रदान गर्ने सवै स्वास्थ्य संस्थाहरू अनिवार्य रूपमा नगरपालिकामा दर्ता भई सञ्चालन गर्ने व्यवस्था मिलाइने छ।
- स्वास्थ्य सेवा विस्तार गर्दा वैकल्पिक स्वास्थ्य सेवाहरू (आयुर्वेद, होमियोप्याथी, एक्युपञ्चर, न्यूरोप्याथी, योग आदि) को प्रयोगलाई प्रभावकारी बनाउन अनुगमन तथा नियमनमा समेत विशेष ध्यान दिइने छ।
- खोप, पोषण, प्रसुति तथा एचआईभी एड्स जस्ता बहुपक्षीय सरोकारका विषयहरूका संयन्त्रहरूलाई थप प्रभावकारी र व्यवस्थित बनाइनेछ।
- क्यान्सर, मुटुरोग, डेङ्गो, क्षयरोग, जस्ता खतरनाक रोगको रोकथाम, नियन्त्रण गर्ने खालका सचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- बाल तथा मातृ मृत्युदर न्यूनीकरणमा जोड दिइनेछ। साथै बनेपा नगरपालिका क्षेत्रभित्र रहेका उपयुक्त स्वास्थ्य केन्द्रलाई बर्थिङ सेन्टरको रूपमा विकास गर्ने कार्यक्रम राखिने छ।
- बनेपा नगरपालिकाभित्र स्थायी बसोबास भएका व्यक्तिहरूमा उमेर वा अन्य कारणले हुने मोतीबिन्दुको निःशुल्क शल्यक्रियाका लागि रेयुकाइ आँखा अस्पतालसँग सहकार्य गरी संचालित कार्यक्रमलाई निरन्तरता दिइने छ।
- बनेपामा रहेको ब्लड बैंकको सेवालाई सरल र अत्याधुनिक सुविधा सम्पन्न गर्न आवश्यक सहयोग गरिने छ।
- स्तन तथा पाठेघरको क्यान्सरबाट जोगाउन जनचेतनामूलक कार्यक्रम र उपचारात्मक विधिलाई प्रश्रय दिन आवश्यक सहयोग र सहकार्यको वातावरण मिलाइने छ।
- नेपाल सरकारबाट कार्यान्वयनमा ल्याइएको स्वास्थ्य बीमा कार्यक्रममा आम नगरबासीको सहभागिताका लागि उपयुक्त वातावरण मिलाउनुका साथै स्वास्थ्य बीमाबाट हुने उपचारका लागि बनेपामा रहेका अस्पतालबाटै सेवा प्रदानका लागि आवश्यक पहल गरिने छ।
- सबै नगरवासीमा कोभिड बिरूद्धको खोप लगाउने वातावरण मिलाउन पहल गरिनेछ।

३. **खानेपानी तथा सरसफाई**

- एक घर एक धारा अभियानलाई योजना बनाई कार्यान्वयनमा जोड दिइने छ।
- प्रत्येक वडामा हाल प्रयोग भइरहेका स्थानीय पानीका श्रोतहरूको संरक्षण एवं ब्यवस्थित प्रयोग गर्ने वातावरण मिलाइनुका साथै नगर क्षेत्रभित्रका मूल संरक्षण गर्ने विशेष कार्यक्रम ल्याइने छ।
- सुरक्षित पिउने पानीको व्यवस्थामा सहयोग पुग्ने आयोजनाहरूलाई प्राथमिकता दिइनेछ।
- खानेपानी तथा सरफाई सम्बन्धी जनचेतनामूलक कार्यलाई प्राथमिकता दिइनेछ।
- श्रोतको अपर्याप्तता भएका क्षेत्रहरूमा डिप बोरिङ र आकासे पानीको संकलन प्रविधिलाई विशेष प्राथमिकता दिने नीतिलाई निरन्तरता दिइने छ।
- काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजनालाई यथाशीघ्र सम्पन्न गरी पानीको उपभोग गर्ने वातावरण मिलाउन आवश्यक भूमिका निर्वाह गरिने छ ।
- जलाधार क्षेत्र/इनार/कुवाको संरक्षण र प्रवर्धनका लागि सरोकारवाला निकायहरूसंगको समन्वयमा जोड दिइने छ।
- बनेपा नगरपालिका वडा नं. ६, खत्रीगाउँ खानेपानी योजना पुरा गर्न आवश्यक पहल गरिनेछ।
- साँगा बृहद् खानेपानी आयोजना कार्यान्वयनलाई प्रभावकारी बनाईने छ । साथै ओपी बृहत खानेपानी आयोजना र गोसाईकुण्ड क्षेत्रमा डिप बोरिङको कार्य समन्वय गरिने छ ।
- नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगर घोषणाका लागि योजनावद्ध अभियान सञ्चालन र कार्यान्वयन लाई निरन्तरता दिइने छ।
- बनेपा १० मा संचालित जनागाल बृहत खानेपानी योजना समयमै पुरा गर्ने वातावरण मिलाइनेछ।

### लैंगिक समानता र सामाजिक समावेशीकरण

१. **महिला विकास**

- महिलाहरूको नेतृत्व विकास तथा महिला सशक्तिकरणका लागि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइने छ।
- शिक्षा, स्वास्थ्य र रोजगारीमा महिलाहरूको पँहुच वृद्धि गरिदै लगिनेछ।
- महिलाहरूको सीप विकास र क्षमता अभिवृद्धि गरी सशक्तिकरणमा जोड दिइने छ।
- महिलामाथि हुने हिंसा कार्यलाई निरूत्साहित गर्न स्थापित कोषको प्रभावकारी कार्यान्वयन गरिने छ।
- महिला विकासमा स्थानीय स्रोत र साधनको अधिकतम परिचालनमा जोड दिइनेछ।
- महिलाको सहभागितामा उत्पादित वस्तुहरूको विक्रीवितरणलाई प्रबर्द्धन गर्न बजार व्यवस्थापनमा जोड दिइने छ।
- किशोरीहरूको जीवन उपयोगी शीप अभिवृद्धिका लागि आवश्यक कार्यक्रम सञ्चालनमा जोड दिइने छ।
- "महिलासँग उपमेयर" कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने छ।
- एकल महिलाहरूका लागि सीप तथा क्षमता अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन गरिने छ।
- सहकारीको माध्यमबाट महिला सशक्तिकरणका लागि महिला सहकारी स्थापनामा जोड दिइने छ।

२. **बालबालिका**

- बाल क्लबको गठन र पुनर्गठन गरी नगर स्तरीय बाल सञ्जाल समेतको प्रभावकारी परिचालनमा जोड दिइने छ ।
- बालमैत्री नगर बनाउन आवश्यक कार्यक्रम राखिने छ।
- बाल बालिका सम्बन्धित सबै काम र क्षेत्रको अनुगमन गरी आवश्यक निर्देशन समेत दिन कानुन निर्माण गरि एक बालअधिकार अनुगमन समिति गठन गरिने छ।
- सडक बालबालिकाहरूको पुनर्स्थापनाका लागि क्रियाशील संस्थासंग समन्वय र सहकार्य गरी बनेपालाई सडक बालबालिका मुक्त नगर बनाउन पहल गरिने छ।
- बालबालिकाहरूको चौतर्फी विकासका लागि प्रतियोगितात्मक, रचनात्मक र अनुसन्धानान्तम क्रियाकलाप सञ्चालनमा जोड दिइने छ।
- बालश्रम शोषणलाई निरूत्साहित गरिने नीति लिइने छ।
- विगतमा स्थापना भएका बालकोषहरू एकीकरण गरी नगर स्तरीय बालकोष स्थापना गरेर परिचालन गर्ने कार्यक्रम ल्याइने छ।
- अनाथ बालबालिका संरक्षण कार्यक्रमलाई निरन्तरता दिइने छ।

३ **जेष्ठ नागरिक**



लक्ष्मी नरसिं वादे, प्रमुख

- जेष्ठ नागरिक आराम तथा भेटघाट गृह निर्माण गर्ने कार्यक्रम बनाई कार्यान्वयन आरम्भ गरिने छ।
- जेष्ठ नागरिक निशुल्क स्वास्थ्य परीक्षणका लागि आवश्यक व्यवस्था मिलाइने छ।
- महामारी संक्रमणको जोखिमको अवस्था विश्लेषण गरी जेष्ठ नागरिक मिलनका लागि स्थानीय ऐतिहासिक तथा सांस्कुतिक महत्वका क्षेत्रहरूमा भ्रमण गर्ने प्रचलन विकासको कार्यक्रम राखिने छ।
- यसै आर्थिक वर्ष भित्रमा बनेपा नगरपालिका वडा नं. ८ स्थित लायकु परिसरमा बाजे बजै पार्क निर्माणको कार्यलाई पुरा गरिने छ।

४. **अपांगता भएका व्यक्ति**

- अपाङ्गता भएका व्यक्तिहरूको प्रोफाइल तयार गरी सामाजिक, आर्थिक र क्षमतागत विकासमा जोड दिइने छ।
- सार्वजनिक तथा सामुदायिक भवन निर्माण गर्दा अपाङ्गतामैत्री बनाउन जोड दिइने छ।
- अपाङ्ग बाल अस्पतालमा उपचार गरिने बनेपा भित्रका बालबालिकाको उपचार निशुल्क गर्न पहल गरिनेछ।

५. **उत्पीडित तथा दलित उत्थान**

- परम्परागत पेशालाई आधुनिकीकरण र व्यवसायीकरण गर्न प्रोत्साहन गरिनेछ।
- दलित परिषद गठनगरी दलितहरूको हक, अधिकार र क्षमता एवं सीप विकास कार्यक्रमलाई अगाडी बढाई कार्यान्वयनमा जोड दिइने छ।
- दलित उत्थानका लागि आवश्यक प्रोफाइल तयार पारिनेछ।

६. **आदिवासी जनजाती उत्थान**

- नगरपालिका भित्रको सबै जातजाति, धर्म, समुदायका ऐतिहासिक सामाग्री र संस्कृति संरक्षण गर्न जोड दिइने छ। साथै ऐतिहासिक सामाग्री र संस्कृति संरक्षण गर्न संग्रहालय निर्माण गर्ने कार्यक्रमलाई आवश्यक सहयोग गरिनेछ।
- स्थानीय भाषा संस्कृतिको सम्बर्धन र प्रबर्द्धनको लागि पहल गरिनेछ।
- परम्परागत जात्रा, गुठी, पर्व आदिको महत्वलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरिनेछ। साथै महत्वपूर्ण जात्रा एवं पर्व पूजा संचालनलाई व्यवस्थित बनाइनेछ।
- आदिवासी, जनजातिको परिषद गठन गरी जनजातीहरूको सीप विकास र क्षमता विकासमा जोड दिइने छ।

७. **युवा तथा खेलकुद**

- एक वडा एक खेल मैदानको योजनालाई निरन्तरता दिइने छ।
- स्वस्थ्य र सभ्य युवा समाज निर्माणका लागि विविध किसिमका दुर्व्यसनी विरूद्ध अभियान सञ्चालन गरिने छ।
- नगरस्तरीय व्यवस्थित खेलकुद मैदान बनाउन उपयुक्त स्थानको पहिचान गरी पूर्वाधार तयारीका लागि योजना बनाइने छ।
- बनेपा नगरपालिका वडा नं. ६ मा रहेको कवर्डहललाई सुविधा सम्पन्न बनाइने छ।
- युवा रोजगार तालिमको व्यवस्था गरी बेरोजगार युवा लाभान्वित हुने वातावरण मिलाइने छ।
- राष्ट्रिय स्तरमा सञ्चालित खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्दै मेयर कप फुटबल प्रतियोगितालाई निरन्तरता दिइने छ।
- बनेपा नगरपालिका वडा नं. ५ मा रहेको खेलकुद मैदानलाई अन्तराष्ट्रिय स्तरको खेलमैदानका रूपमा विकसित गरिने छ।
- २०६२/०६३ को जनआन्दोलनका पहिलो शहिद भिमसेन दाहालको स्मृतिमा शालिक निर्माणको लागि सम्भाव्यता अध्ययन को लागि कार्यदल गठन गरिनेछ।

८. **संस्कृति संरक्षण**

- बनेपा नगपालिका क्षेत्रभित्र कला संग्राहलय निर्माणको काम पुरा गर्न आवश्यक व्यवस्था मिलाइने छ।
- बनेपा नगरपालिका क्षेत्रभित्र रहेका विविध संस्कृतिहरूको संरक्षण र प्रबर्धनका लागि उपयुक्त कार्यक्रम ल्याइने छ।
- जात्रा पर्व पूजा सञ्चालनमा गरिने सहयोगलाई निरन्तरता दिइनेछ।

### आथिक विकास

१. **कृषि तथा पशु विकास**

- व्यवसायीक खेती, भैंसी पालनमा युवाहरूको सहभागिता बढाउन युवा लक्षित कार्यक्रम सञ्चालनमा जोड दिइने छ।
- परम्परागत र निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गर्न जोड दिइनेछ।
- कृषकहरूलाई कृषि उत्पादनको समुचित मूल्य प्राप्त गराउनका लागि आगामी आ.व. मा कम्तिमा एक वडामा कृषि उत्पादन संकलन केन्द्र स्थापनामा जोड दिइनेछ।
- माटोको उर्वराशक्तिलाई जोगाई राख्न माटो परीक्षण गर्ने कार्यलाई निरन्तरता दिँदै उर्वराशक्ति जोगाउन विशेष कार्यक्रम ल्याइनेछ।
- प्रदूषित कृषि उपजको उपभोगबाट आफू जोगिऊ र अरूलाई पनि जोगाउन "प्राङ्गारिक उपजको प्रयोग गरौं" भन्ने नारा अभियानका रूपमा संचालन गरिनेछ।
- आलु सुपर जोन कार्यक्रमबाट बाँसडोल र नाला क्षेत्रलाई प्राथमिकतामा राखी कार्यक्रम ल्याउन जोड दिइने छ।
- नेपाल सरकारको नीति बमोजिम बाली विमा कार्यक्रमलाई प्रचार प्रसार गरी प्रभावकारी उपयोग गर्ने वातावरण बनाईने छ।
- साँगा क्षेत्रमा सञ्चालन हुने लप्सीजन्य उद्योगहरूलाई व्यवस्थित र आधुनिकीकरण प्रोत्साहित गरिने छ।
- आधुनिक कृषि औजार उपकरण प्रयोगलाई प्रोत्साहन गरिने छ।
- प्राकृतिक र कृत्रिम गर्भाधानको माध्यमबाट नश्ल सुधार कार्यक्रम लाई थप प्रभावकारी र व्यवस्थित गराइनेछ।
- पशुपालनलाई बढी उत्पादनमुखी र व्यवसायिक बनाउन गोठ सुधार कार्यक्रम लागू गर्ने नीति लिइनेछ।
- पशु विमा कार्यक्रम र पशुखोप कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।
- डाले घाँस र बहु-उन्नत जातका घाँसको उत्पादनमा जोड दिइनेछ।
- बनेपा ३ मा रहेको नेपालकै पहिलो दुग्ध चिस्यान केन्द्र संरक्षण गर्न आवश्यक कार्यक्रम ल्याइने छ।
- स्वच्छ, स्वस्थ मासु वितरणलाई व्यवस्थित र प्रभावकारी बनाउन निजी क्षेत्रलाई प्रोत्साहित गर्ने नीति लिइने छ।
- कुखुरापालन, बंगुरपालन, पन्छी पालन तथा मासुजन्य उत्पादनमा आत्म निर्भर बन्नका लागि आवश्यक मापदण्ड तयार गरी सो अनुसारको कार्ययोजना लागु गरिनेछ।
- नगर क्षेत्र भित्रका छाडा कुकुर नियन्त्रणको कार्यक्रमलाई निरन्तरता दिइने छ।
- नगर क्षेत्रभित्र चौपायाहरू वेवारिसे अवस्थामा छोड्ने कार्यलाई कडाइका साथ अनुगमन गरी दोषीलाई कार्वाही गर्ने नीति लिइने छ। साथै नगर क्षेत्रभित्रका चोपायाहरूको सूचीकरण गर्न आवश्यक व्यवस्था मिलाइने छ।
- घरपालुवा कुकुर पालनका लागि उपयुक्त नीति बनाई कार्यान्वयन गरिने छ।
- दुग्धजन्य पदार्थमा आत्मनिर्भर बन्न नगर क्षेत्रभित्र रहेका पशुधनको तथ्याङ्क संकलन र अध्यावधिकका लागि उपयुक्त कार्यक्रम सञ्चालन गरिने छ।
- कृषि सम्बन्धि तथ्याङ्क अध्यावधिक गर्ने कार्यक्रम ल्याइने छ।
- कोरली संरक्षण कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने छ।
- कौशी खेती तरकारीबालीका लागि प्रोत्साहन गरिने छ।
- फलफूल खेती, मौरी पालन तथा बाख्रापालन जस्ता आय आर्जनमा लाभदिने व्यवसाय अंगाल्न प्रोत्साहित गरिने छ।
- बाली बीमा कार्यक्रम सञ्चालनका लागि प्रचारप्रसारलाई बढावा दिइने छ।

२. **पर्यटन विकास**

- बनेपा नगरपालिकाको ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रको संरक्षण गरी पर्यटन प्रबर्द्धनमा जोड दिइनेछ।
- योजना छनौटगर्दा पर्यटकीय पूर्वाधारका कार्यक्रमलाई विशेष प्राथमिकता दिइनेछ।
- बनेपा नगरपालिका भित्र सम्भाव्य भएका स्थानहरूमा आन्तरिक तथा वाह्य पर्यटकहरू आकर्षित गर्न मनोरञ्जन पार्क, पिक्निक स्पोट निर्माण तथा विभिन्न धार्मिक तथा एतिहासिक प्रतिमाहरू निर्माणमा जोड दिइने छ।
- बनेपा नगरपालिका क्षेत्रबाट नगरकोट प्रवेश गरिने मार्गमा प्रवेशद्धार निर्माण गरिने छ।
- बनेपा नगरपालिका वडा नं. ६ गोसाइथान डाँडामा रहेको भ्युटावरको स्तरोन्नतिको आवश्यक योजना बनाइने छ।
- नगरपालिकाका कृषि पर्यटन सम्भावना भएका क्षेत्रमा कृषि पर्यटनको डिजाईन र सम्भाव्यता अध्ययन गरिने छ।
- पर्यटन सूचनाका लागि आवश्यक सूचनाहरूको संग्रह र अध्यावधिक गरि पर्यटन सरोकारवालाहरूसँग समन्वय/सहकार्य गरी पर्यटन गुरूयोजना तयारी र पर्यटनमैत्री कार्यक्रम सञ्चालन गरिने छ।
- चण्डेश्वरी वनलाई व्यवस्थित पिकनिक स्पटको रूपमा विकास गर्न स्थानीय सरोकारवालाहरूसंग समन्वय र सहकार्य गरिने छ। सो स्थानमा गोसाँइकुण्ड र भ्युटावरसम्म १६०० सिँढी निर्माण कार्य यसै वर्षबाट प्रारम्भ गरी "मेयर पर्यटन विकास तथा प्रबर्धन कार्यक्रम" लाई निरन्तरता दिइने छ।
- नागिडाँडामा एयरपोर्ट बनाउन पहल गरिने छ।
- बनेपा नगरपालिका वडा नं २, ३ र ४ स्थित हिलेजलजलेमा बहुउदेश्यीय कृतिम ताल निर्माण कार्यक्रमलाई अगाडि बढाउन निरन्तर पहल गरिने छ।
- पर्यटन प्रबर्धनका लागि चण्डेश्वरी, टन्चोक, काशी भञ्ज्याङ, काफल टापु, बासुकी लगायतका क्षेत्रमा समुदाय र निजी क्षेत्रसँगको सहकार्यमा पूर्वाधार निर्माणमा जोड दिइने छ।

३. **उद्योग वाणिज्य**

- काष्ठकला, हाते उद्योग, पर्यटक सामाग्री उत्पादन गर्ने उद्योगलाई प्रबर्धन गर्ने नीति लिइएको छ।
- घरेलु उत्पादनलाई बजारीकरण एवं उपभोगमा विशेष जोड दिइनेछ।
- घरेलू तथा साना उद्योग संचालनमा वातावरण प्रदुषण न्यूनीकरणको नीति लिइनेछ।
- लघु तथा घरेलु उद्योगलाई प्रोत्साहित गरिनेछ।
- बिभिन्न खाले प्रवर्द्धनात्मक बजार संचालनमा जोड दिने नीति अनुरूप आगामी आ.व. मा कम्तिमा एक स्थानमा हाटबजार संचालनको व्यवस्था मिलाइने छ।
- पर्यटक मैत्री खाद्य परिकार प्रवर्द्धनका लागि स्थानीय श्रोत साधन एवं जनशक्ति परिचालनमा विशेष जोड दिइनेछ।
- नगरपालिका क्षेत्रभित्रका वित्तीय एवं सहकारी संस्थाहरूबाट घरेलु तथा साना उद्योग क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने नीति बनाई कार्यान्वयन गरिने छ।

४. **सहकारी विकास**

- नगरपालिका, विषयगत सहकारी संघ र सहकारी संस्थाहरूका बिचमा साझेदारी गर्दै सहकारितालाई प्रवर्द्धन गरिंदै लगिनेछ।
- सहकारी उद्योग व्यवसाय प्रबर्द्धन अन्तर्गत स्थानीय स्रोत र कच्चा पदार्थमा आधारित विशिष्टिकृत सहकारी उद्योग स्थापना गर्दा कर छुट दिने नीति लिइनेछ।
- बैंक, सहकारी तथा वित्तीय संस्थाहरूलाई सामाजिक उत्तरदायित्व अन्तरगत सामुदायिक विकासका गतिविधिहरूमा सहभागी हुन प्रोत्साहित गराइने छ।
- आवश्यक जनशक्ति सहितको कार्यालय संयन्त्र तयार गरी सहकारी संस्थाहरूलाई COPOMIS प्रणालीमा

आवद्ध गराउने नीतिलाई प्रभावकारी बनाइने छ।
• नगर क्षेत्रभित्र सहकारीसंस्थाहरूको संख्या उल्लेख्य रहेकाले सञ्चालनमा रहेका सहकारी संस्थाहरू एकीकरण गरी नियमन तथा प्रबर्धनमा जोड दिइने छ।
• पुनरसंरचित ठेगाना बमोजिम ठेगाना परिवर्तन तथा सहकारी संस्थाहरूको सेयर पूँजी परिवर्तन प्रयोजनका लागि सहकारी संस्थाहरूको विनियम संसोधनका लागि आवश्यक प्रबन्ध मिलाइने छ।
• वित्तीय अनुसाशन र पारदर्शिताका लागि सहकारी शिक्षा मार्फत सहकारी संस्थाहरूको  कुशल व्यवस्थापन गर्ने तथा आवश्यक तालिम कार्यक्रमहरू सञ्चालन गरिने छ।
• प्रत्येक सहकारीले वार्षिक साधारण सभा गरी लेखा परीक्षण गरे नगरेको अनुगमन गरिने छ र नियमित सभा र लेखा परीक्षण नगर्ने सहकारी संस्थाहरूको दर्ता खारेज गर्ने कार्यक्रम ल्याइने छ।

## वन तथा वातावरण र विपद् व्यवस्थापन

१. **बन तथा वातावरण**

• नगरपालिका भित्रका बनजंगलको संरक्षण र प्रबर्धनमा सरोकारवालासंग समन्वय र सहकार्य गरी कार्ययोजना बनाई कार्यान्वयनमा जोड दिइने छ। साथै नगर क्षेत्रभित्र रहेका वनहरूको संरक्षण र उपयोगका लागि आवश्यक कानूनी प्रबन्ध मिलाइने छ।
• नगरपालिका भित्र हुन सक्ने भूक्षय न्युनिकरणका लागि जनचेतना मूलक र कार्यक्रमिक योजना तयार गरी कार्यान्वयनमा जोड दिइने छ। साथै वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिइने छ।
• सवारी साधन, पार्टी प्यालेस, कारखाना, उद्योग आदिबाट निस्कने ध्वनि प्रदुषणलाई व्यवस्थापन गर्न आवस्यक नियम बनाई कार्यान्वयन गरिने छ।
• जैविक विविधताको संरक्षण र वातावरणीय सन्तुलन कायम राख्ने नीति अवलम्बन गरिनेछ।
• नगर क्षेत्र भित्र रहेका पोखरी तथा पार्कहरूलाई संरक्षण, सम्बर्धन र स्तरोन्नती गर्ने नीति लिईने छ।  साथै उपयुक्त स्थानहरूमा रिचार्ज पोखरी निर्माणका कार्यक्रम राखिने छ।
• ५० लाख भन्दा बढीका आयोजना सन्चालन गर्नपूर्व वा प्राकृतिक स्रोतको उपयोग गर्नुपूर्व आवश्यक पर्ने IEE र EIA को प्रावधानलाई क्रमशः पालना गर्दै लगिने छ।
• जडिबुटी संरक्षणका लागि आवश्यक वातावरण मिलाइने छ।
• सडक पूर्वाधार निर्माण र सञ्चालनका क्रममा हरियाली प्रबर्धन गर्न ग्रिन जोनको अवधारणालाई कार्यान्वयन गर्दै लगिने छ।
• बनेपा नगरपालिका वडा नं. ११ र १४  रहेको सिमसार क्षेत्रमा कृत्रिम ताल र पिकनिक स्पट निर्माणुको सम्भाव्यता अध्ययन गरिने छ।
• बनको नियमन र व्यवस्थापनका लागि आवश्यक कानून तर्जुमा गरी कार्यान्वयन गरिने छ।

२. **फोहोरमैला व्यवस्थापन**

• फोहोर प्रसोधन केन्द्र निर्माणका लागि खरिद गरिएको जग्गामा उपयुक्त पूर्वाधार तयार गर्न आवश्यक प्रबन्ध मिलाइने छ। साथै फोहोर ब्यवस्थापनमा आधुनिक प्रविधि स्थापना गर्न आवश्यक कार्ययोजना निर्माण गरिनेछ ।
• दैनीक रूपमा उत्पादन हुने घरायसी फोहरलाई व्यवस्थापन गर्न उत्पादनकर्तालाई नै प्रोत्साहन गरिने छ। यसका लागि गड्यौला खेती, कौशी खेती र फोहरबाट मल तथा ग्याँस निकाल्ने प्रविधिको खोजी र विकास गरिने छ।
• बस्ति बिस्तार र विकास भएका ठाउँहरूबाट निस्कने तरल फोहर व्यबस्थापनको लागि फोहर प्रशोधन केन्द्र निर्माणमा जोड दिइनेछ।
• स्वास्थ्य संस्था, कारखाना तथा उद्योगहरूबाट उत्पादन हुने फोहर तथा केमिकलहरूको व्यवस्थापन गर्न सम्बन्धित क्षेत्रलाई नै जिम्मेवार बनाईने छ।
• वनको नियमन र व्यवस्थापनका लागि आवश्यक कानूनी प्रवन्ध मिलाइने छ।
• खोला सुधार, फोहोर मैला व्यवस्थापन लगाएतका कार्यलाइ निरन्तरता दिइने छ।
• नगर क्षेत्रभित्रका घर पसलबाट निस्कने फोहोरको संकलन र व्यवस्थापनको कार्य निजी क्षेत्र मार्फत सञ्चालनका लागि प्रभावकारी योजना निर्माण गरी कार्यान्वयन गर्ने वातावरण मिलाइने छ।
• दिर्घकालिन रूपमा ठोस फोहोरको व्यवस्थापनको लागि निजी क्षेत्रसंगको सहकार्यमा व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिइने छ।
• आवश्यकता अनुरूपका स्थानहरूमा निजी क्षेत्रसंगको सहकार्यमा सार्वजनिक शौचालयहरू निर्माण र व्यवस्थापनका लागि आवश्यक सम्भाव्यता अध्ययन गरिने छ।
• बनेपामा निर्माण भएका ढल प्रशोधन केन्द्र सञ्चालनका लागि आवश्यक कार्यक्रम राखिने छ।

३. **विपद् व्यवस्थापन**

• स्थानीय विपद् व्यवस्थापन ऐन नियम वा कार्यविधि तर्जुमा गरी कार्यान्वयनको व्यवस्था मिलाइने छ।
• नगर क्षेत्रभित्र हुने नदी कटान तथा डुवानको आँकलन गरी रोकथामका लागि आवश्यक कार्यहरू गरिने छ।
• अतिवृष्टि र अनावृष्टिका कारण हुन सक्ने क्षति न्युनिकरणका लागि आवश्यक कार्यक्रम ल्याइने छ।
• चट्याङका कारण हुन सक्ने धनजनको क्षति न्युनिकरणका लागि भवन नक्सापास प्रक्रियामै चट्याङ प्रतिरोधी प्रणाली जडानका लागि प्रोत्साहित गर्ने नीति लिइने छ।
• प्रकोपको दृष्टिकोणले अत्यन्त जोखिममा रहेका नदी तथा खोलाहरूलाई तटबन्धन तथा बायोइन्जिनियरिङको प्रविधिले नियन्त्रण गर्ने योजना बनाइनेछ।
• आगलागी नियन्त्रणका लागि अग्नि रेखा निर्माण गर्ने कार्यलाई बन उपभोक्ता समितिको सहकार्यमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ।
• विपद् व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयनको व्यवस्था मिलाइने छ।
• नगर क्षेत्रभित्र हुने सडक दुर्घटना न्युनिकरणका लागि उपयुक्त कार्यक्रम ल्याइने छ।
• भुकुम्प, बाढी पहिरो, आगलागी जस्ता विपद्‌बाट प्रभावित जनताको उद्धार र पुनर्स्थापनाका लागि खुला क्षेत्र निर्धारण लगायतका कार्यक्रमलाई प्रभावकारी बनाइने छ।
• मानवीय तथा पशुपन्छीहरूमा देखापर्न सक्ने महामारि नियन्त्रणका लागि फोहोरमैला व्यवस्थापन लगायतका प्रभावकारी कार्यक्रम राखिने छ।
• नगर क्षेत्रभित्र घट्न सक्ने सम्भावित विपद्‌को नक्साङ्कन गरिने छ।
• विपद् पूर्व तयारी, उद्धार र पुनर्स्थापनाका लागि आवश्यक कार्यदल बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।
• घर भवन बनाउँदा जोखिम रहित बनाउन आवश्यक भएकोले नक्सापास लाई कडाइका साथ पालना गर्न लगाइने छ।
• विपद् जोखिम न्युनिकरण तथा उद्धारका लागि विपद् जोखिम कोषको अधिकतम परिचालन गरिने छ।

## वित्तीय व्यवस्थापन, सुशासन र सेवा प्रवाह

• सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्यहरूमा हुन सक्ने वित्तीय जोखिम न्यूनीकरणका लागि कार्ययोजना बनाई लागू गरिने छ।
• नगर भित्र सञ्चालन हुने योजनाहरूमा जुटाउनु पर्ने लागत सहभागितालाई कडाइका साथ कार्यान्वयन गरिने छ ।
• आविधिक रूपमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने नीतिलाई निरन्तरता दिई वडा स्तरसम्म विस्तार गरिने छ। सार्वजनिक सुनवाई कार्यक्रम आयोजना गर्दा कोभिड-१९ संक्रमणको जोखिमलाई ध्यान दिई उपयुक्त विकल्पहरू छनौट गरिने छ। साथै सार्वजनिक सुनुवाईमा उठेका सवाल र सम्बोधनको विषयमा समिक्षा गरिने छ ।
• नगरपालिकाको सेवा प्रवाहका सम्बन्धमा नागरिकहरूले गुनासो तथा उजुरी गर्न सक्ने संयन्त्रको विकास गरिने छ। नगरपालिकामा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरी गुनासो अभिलेखन तथा सम्बोधनलाई प्रभावकारी बनाइनेछ।
• कर्मचारीहरूमा व्यावसायिक निपूर्णता ल्याउन कार्यसम्पादन करार, कार्यविवरण, कार्यसम्पादन मूल्यांकन तथा दण्ड र पुरस्कारको व्यवस्थालाई प्रभावकारी बनाइनेछ।
• उपभोक्ता समिति तथा निर्माण व्यवसायीबाट सम्पादन हुने विकास निर्माणको कार्यको प्रभावकारी रूपमा सार्वजनिक परीक्षण गर्ने परिपाटीलाई निरन्तरता दिइनेछ।
• नगरपालिकाको बार्षिक रूपमा लेखा परीक्षण, सामाजिक परीक्षण, लैंगिक तथा सामाजिक समावेशीकरण बजेट परीक्षण कार्यहरू सन्चालन गरिने छन्।
• नगरपालिकाका गतिविधिहरूलाई मासिक, त्रैमासिक रूपमा सूचना पाटी, नगर विकास बुलेटिन, Website तथा अन्य माध्यमबाट प्रकाशन गरिनेछ।
• नगरपालिकामा रहेको गुनासो पेटिकाको उपादेयता बढाई गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाइने छ।
• 'जनतासँग मेयर' रेडियो कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

## विविध

१. **भूमि व्यवस्थापन तर्फ**

• सार्वजनिक भुमिको पहिचान र अभिलेखन गरी अतिक्रमणलाई नियन्त्रण गरिनेछ।
• सरकारी, पर्ति जग्गाको लगत लिई सोको संरक्षणका लागि गठित कार्यदललाई निरन्तरता दिइने छ।
• सम्पूर्ण नगरलाई डिजिटल नापी प्रणालीमा आवद्ध गर्न पहल गरिने छ।
• भूउपयोग योजनाको निर्माण र कार्यान्वयन गरिने छ।
• वस्ति विकासका लागि प्लटिङ गर्दा अनिवार्य रूपमा नगरपालिका संग अनुमति लिनु पर्नेछ। अनुमति विना प्लटिङ गरिएका जग्गाहरूमा घरहरूको नक्सापास नगरिने नीतिलाई निरन्तरता दिई प्रभावकारी कार्यान्वयनको वातावरण मिलाइने छ।
• प्लटिङ गरिएका जग्गामा विकास शुल्क लिईनेछ। जग्गा विकास कार्यक्रम मार्फत व्यवस्थित बस्ती विकासको नीति लिइनेछ।
• नेपाल सरकारको नीति अनुसार गुठी जग्गा व्यवस्थापन गर्ने नीति लिइने छ।
• बाटो कायम भई घर भवन निर्माण भई सकेका तर लगत कट्टा नभएका बाटाहरूको लगत कट्टका लागि सम्बन्धित निकायसंग समन्वय गरिने छ।
• भूमीहिन तथा सुकुम्बासीहरूको लगत संकलन गरी सम्बन्धित निकायमा पठाइने छ।

२. **अन्तर्राष्ट्रिय सम्बन्ध तर्फ**

• बनेपाको भगिनी सम्बन्ध भएको मित्रराष्ट्र चिनको तिब्बत स्वायत क्षेत्र स्थित सिगात्से नगरपालिकासँगको सम्बन्धलाई थप मजबुत, प्रगाढ एवं उपयोगी बनाइनेछ।
• बनेपा नगरपालिकासँग मिल्दा र इच्छुक अन्तर्राष्ट्रिय सहर, निकायहरूसँग भगिनी सम्बन्ध स्थापना गर्न पहल गरिने छ।
• अन्तर्राष्ट्रिय हिसाबमा अनुकूल स्थानहरूको अवलोकन भ्रमण एवं सिकाइ आदान-प्रदानका कार्यक्रमहरूको आयोजना गरिनेछ।

३. **स्थानीय स्रोत परिचालन तर्फ**

• बनेपा नगरपालिकाद्वारा टोल सुधार समिति  गठन गरी त्यस्ता संस्थाहरूको क्षमता विकास र तिनिहरूलाई विकासका कार्यक्रमहरूमा परिचालन गर्ने नीति लिइनेछ।
• युवाहरूमा व्यवसायिक शिक्षाको पहुँच विस्तार गर्न नेपाल बनेपा पोलीटेक्नीक महाविद्यालयको प्रभावकारी सञ्चालन, नगरपालिकाको पहलमा स्थापित बनेपा प्राविधिक शिक्षालयको पुनः सञ्चालन जस्ता युवा लक्षित क्षेत्रहरूको प्रवर्धनमा जोड दिइने छ।
• सामाजिक परिचालनका लागि काम गर्ने सम्पूर्ण निकायहरूको सामाजिक परिचालनको बजेट एकै बास्केटमा राखी एकरूपता कायम गर्न पहल गरिनेछ।
• नगरपालिका क्षेत्रमा भएका सार्वजनिक सम्पत्ति र स्रोतको पहिचान गरी उपयुक्त तवरले पहिचान परिचालन र सदुपयोग गर्ने नीति लिईने छ।
• गैह्र सरकारी संस्थाहरूसंग समन्वय र सहकार्यलाई अघि बढाउन सामाजिक विकास शाखालाई प्रभावकारी एंवम व्यबस्थित बनाइने छ।
• प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राप्त हुने कार्यक्रममा नगरपालिकाको समेत साझेदारी रहने गरी प्रभावकारी कार्यान्वयनको वातावरण बनाई स्थानीय बेरोजगारलाई लाभान्वित हुने वातावरण निर्माण गरिने छ।

# आर्थिक वर्ष २०७८।०७९ को बजेट तथा कार्यक्रम




बनेपा नगरपालिकाको नगर सभाका अध्यक्ष एवं प्रमुखज्यू तथा नगर सभाका सदस्यज्यूहरू नेपालको संविधान बमोजिम पुनरसंरचित बनेपा नगरपालिकाको नगर सभाको आठौं अधिवेशनमा बनेपा नगरपालिकाको उपप्रमुखको नाताले आर्थिक वर्ष २०७८/०७२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा धेरै खुसी लागेको छ। यस गरिमामय सभाको आठौं अधिवेशनमा बनेपा नगरपालिकाका प्रमुख एवं यस सभाका अध्यक्षज्यूबाट आगामी आर्थिक वर्ष २०७८/०७९ का लागि नीति तथा कार्यक्रम प्रस्तुत भई सर्वसम्मतिमा स्वीकृत भएकोमा आभार व्यक्त चाहन्छु। सोही नीति तथा कार्यक्रमलाई मार्गदर्शन मानी कार्यपालिकाबाट तयार गरी स्वीकृतिका लागि यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न निर्णय भएको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुतीका लागि उपस्थित भएकी छु।

अध्यक्ष महोदय एवं सभाका सदस्यज्यूहरू

नेपाल सरकारले अगाडि सारेको समृद्ध नेपाल सुखी नेपालीको मूल मन्त्रलाई आत्मसात गरी उपलब्ध साधन र स्रोतको समुचित परिचालनबाट बनेपा नगरपालिकाको सर्वाङ्गिण विकास गर्ने हामी जनप्रतिनिधिहरूको उद्देश्यलाई मूर्तरूप दिन अगाडि सारिएको "म बनाउँछु मेरो बनेपा" भन्ने मूल नारालाई "कृषि, व्यापार, पर्यटन र पूर्वाधार, समृद्ध बनेपा नगरको आधार" भन्ने हाम्रो नगरको दीर्घकालिन सोच पुरा गर्न बनेपा नगरपालिकाको विकासलाई गतिदिने सदिक्षालाई पुरा गर्ने अठोटका साथ यो बजेट तथा कार्यक्रम तयार गरिएको छ। हामीलाई थाहा छ कोभिड-१९ संक्रमणको खतराका कारण हामीले जुन जोस र जाँगरका साथ कार्यक्रम कार्यान्वयन गरेर समयमै सम्पन्न गर्न चाहन्थ्यौ त्यसमा असर परेको छ। तथापि कोभिड संक्रमण न्युनिकरणका लागि स्थानीय सरकारले चाल्नु पर्ने कदमहरू कुशलता पूर्वक चालेरै पनि हामीले धेरै उपलब्धी हाँसिल गरेका छौं।

अध्यक्ष महोदय एवं सभाका सदस्यज्यूहरू

कोभिड-१९ संक्रमणको विश्वव्यापी महामारीबाट आम नगरबासीहरूलाई जोगाउँदै र आफु पनि जोगिदै आज हामीले प्रस्तुत गरेको बजेट तथा कार्यक्रम कार्यान्वयनमा जनप्रतिनिधि र जनता एकाकार भएर समग्र बनेपाको विकासका लागि एक जुट भएर अगाडि बढ्न सक्ने छौ भन्ने अठोटका साथ तयार भएको आगामी आर्थिक वर्ष २०७८।०७९ को बजेट तथा कार्यक्रमको सार संक्षेप प्रस्तुत गर्दछु।

अध्यक्ष महोदय एवं सभाका सदस्यज्यूहरू

१. आगामी आर्थिक वर्ष २०७८/०७९ का लागि कुल रू. १ अर्व ५५ करोड ६९ लाख ६८ हजार आय व्यय अनुमान गरिएको छ।
२. कुल आयमा आन्तरिक आय रू. १९ करोड ५७ लाख १० हजार अनुमान गरिएको छ।
३. अघिल्लो आ.व.को अल्या हुने रकम समेत आन्तरिक रूपमा जम्मा आन्तरिक आय तर्फ कुल रू. ६३ करोड ६७ लाख १० हजार हुने अनुमान गरिएको छ।
४. बाह्य स्रोतबाट जुट्ने अनुमान गरिएको कुल रू. ९२ करोड २ लाख ५८ हजार देहाय बमोजिम प्राप्त हुने अनुमान गरिएको छ।

**क. नेपाल सरकारबाट प्राप्त हुने अनुदान तर्फः**

१. वित्तीय समानिकरण अनुदान १७ करोड ४० लाख
२. सशर्तत अनुदान ३० करोड ३२ लाख
३. समपुरक अनुदान १ करोड ३१ लाख
४. विशेष अनुदान १ करोड ६६ लाख
५. राजस्व बाँडफाँडबाट ८ करोड ८६ लाख ३४ हजार गरी जम्मा रू. ५९ करोड ५५ लाख ३४ हजार संघीय सरकारबाट प्राप्त हुने अनुमान गरिएको छ।

**ख. प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तर्फः**

१. वित्तीय समानिकरणबाट रू. १ करोड ५१ लाख ८८ हजार,
२. सशर्त अनुदान रू. १ करोड ८८ लाख ३६ हजार
३. विशेष अनुदान ६० लाख र
४. समपुरक अनुदान ३ करोड गरी प्रदेश सरकारबाट जम्मा रू. ७ करोड २४ हजार प्राप्त हुने अनुमान गरिएको छ।

ग. पर्यटन मन्त्रालय पर्यटन प्रबर्धन कार्यक्रम अन्तर्गत रू. ३ करोड ३० लाख प्राप्त हुने अनुमान गरिएको छ।
घ. सडक बोर्डबाट रू १ करोड प्राप्त हुने अनुमान गरिएको छ।
ङ. जिल्ला समन्वय समिति कोष तर्फबाटः रू. १ करोड प्राप्त हुने अनुमान गरिएको छ।
च. तरकारी तथा फलफूल मूल्य श्रृङ्खला विकास आयोजनाका लागि रू. ७ लाख प्राप्त हुने अनुमान गरिएको छ।
छ. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत रू. १९ करोड प्राप्त हुने अनुमान गरिएको छ। र
ज. प्रदेश पूर्वाधार विकास कार्यक्रम तर्फ रू. १ करोड १० लाख प्राप्त हुने अनुमान गरिएको छ।
यसरी जम्मा १ अर्ब ५५ करोड ६९ लाख ६८ हजार आय व्यय अनुमान गरिएको छ।

अध्यक्ष महोदय एवं सभाका सदस्यज्यूहरू

अब म आगामी आर्थिक वर्षका लागि प्रस्ताव गरिएको खर्च विवरण प्रस्तुत गर्दछु।

१. रू. १ अर्व ५५ करोड ६९ लाख ६८ हजारलाई देहाय बमोजिम विनियोजन प्रस्ताव गरिएको छ।

### आर्थिक विकास तर्फ

कृषि विकासका लागि रू ५० लाख-पशुपन्छी विकासका लागि रू ३० लाख-उद्योग विकासका लागि रू. १५ लाख-सहकारी प्रबर्धनका लागि रू. १० लाख-पर्यटन प्रबर्धनका लागि रू. १ करोड २७ लाख गरी कुल रू २ करोड ३२ लाख विनियोजन गरिएको छ।

### सामाजिक विकास तर्फ

शिक्षा तर्फ १ करोड २५ लाख-संस्कृति संरक्षण तर्फ रू ५० लाख-स्वास्थ्य तर्फ रू. १ करोड ६० लाख-युवा तथा खेलकुद तर्फ रू ५० लाख-महिला विकास तर्फ रू. १५ लाख-बालबालिका तर्फ रू. १० लाख-जेष्ठ नागरिक तर्फ बाजे बजै पार्क निर्माणका लागि रू. १ करोड समेत रू. १ करोड १० लाख विनियोजन गरिएको छ।

**जनजाति उत्थान कार्यक्रम तर्फ रु. १० लाख**

दलित उत्थान तर्फ रू १० लाख
अपाइता तर्फ रू. १० लाख
त्यस्तै पूर्वाधार विकासका लागि रू. १० करोड ६८ लाख ३२ हजार विनियोजित गरिएको छ।
वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ रू. १ करोड
संस्थागत विकास तया सेवा प्रवाह तर्फ रू ५० लाख
न्यायिक समिति तर्फ रू १० लाख-महिलासँग उपमेयर कार्यक्रमका लागि रू १४ लाख
बहुतले सवारी पार्किङ निर्माणका लागि १ करोड विनियोजन गरिएको छ।
यसैगरी संघीय समपुरक कार्यक्रम तर्फ २ करोड ६२ लाख
प्रवेश समपुरक कार्यक्रम तर्फ ६ करोड
जिसस कार्यक्रम तर्फ रू.१ करोड ४० लाख
सडक बोर्ड कार्यक्रम तर्फ रू. १ करोड ३० लाख
तरकारी तथा मूल्य गङ्खला विकास कार्यक्रम तर्फ ७ लाख विनियोजन गरिएको छ।

सभाका अध्यक्ष एवम सदस्य महानुभावहरू

यसैगरी चण्डेश्वरी सिढी निर्माणका लागि ३ करोड ३० लाख-बडाहरूका आकस्मिक कार्य सञ्चालन तर्फ ७० लाख-वडा विकास कार्यक्रम सञ्चालनका लागि रू. ४ करोड ९० लाख-सामाजिक सुरक्षा कार्यक्रमका लागि १९ करोड विनियोजन गरिएको छ।

त्यसैगरी प्रवेश पूर्वाधार विकास कार्यक्रमका लागि १ करोड १० लाख विनियोजन गरिएको छ। काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजना व्याज भुक्तानी तर्फ ९० लाख र काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजना साँवा भुक्तानी तर्फ २ करोड ३६ लाख विनियोजन गरिएको छ। कार्य सञ्चालन खर्चका लागि रू. २६ करोड २ लाख कार्यालय व्यवस्थापन पूँजिगत खर्च तर्फ १ करोड ६५ लाख, गत वर्ष अर्थात चालु आ.ब. २०७७।०७८ मा स्वीकृत अधुरा योजनाहरूको भुक्तानीका लागि २४ करोड १० लाख विनियोजन गरिएको छ।

त्यस्तै आ.व. २०७७/०७८ का समपुरक योजना कार्यान्वयनका लागि म्याद थप हुँदा व्यहोरिनु पर्ने ५० प्रतिशत रकमका लागि ४ करोड ५० लाख विनियोजन गरिएको छ। त्यस्तै संघीय सरकारबाट प्राप्त हुने कार्यक्रम सञ्चालनका लागि सशर्त बाहेक रू. २९ करोड २३ लाख ३४ हजार र प्रदेश सरकारबाट प्राप्त हुने कार्यक्रम सञ्चालनका लागि सशर्त बाहेक रू ५ करोड ४८ लाख ३६ हजार विनियोजित गरिएको छ।

यसरी आगामी आ.ब. २०७८/०७९ मा कुल रू. १ अरब ५५ करोड ६९ लाख ६८ हजार रूपैया खर्च हुने अनुमान गरिएको छ।

अध्यक्ष महोदय एवं सभाका सबस्यज्यूहरू

आज मैले यस गरिमामय सभा समक्ष पेश गरेको आर्थिक वर्ष २०७४/०७५ को बजेट तथा कार्यक्रम उपर गहन रूपमा छलफल भई स्वीकृत हुनेछ भन्ने अपेक्षा सहित विदा हुन्छ। धन्यवाद।